# इस्मा गाउँपालिका

# व्यवसायिक कृषक तथा पशुपालकको आवश्यकता अनुसार सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२

इस्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी

लुम्बिनी प्रदेश , नेपाल ।

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## प्रस्तावना

कृषि,रोजगार,पर्यटन र पुर्वाधार,समतामुलक इस्मा, समृद्धिको आधार भन्ने इस्मा गाउँपालिकाको नारालाई सफलिभूत बनाउन प्रथमत कृषिमा निर्भर भएका र कृषि तथा पंक्षी, पशुपालनलाई आफ्नो आर्थिकोपार्जन संग जोडेको इस्मा गाउँपालिका भित्रका व्यवसायिक कृषक तथा पशुपालकको आवश्यकता अनुसार सहयोग कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले इस्मा गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम इस्मा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ : (१)** यस कार्यविधिको नाम " व्यवसायिक कृषक तथा पशुपालकको आवश्यकता अनुसार सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ " रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ ।

२. **परिभाषा**:-विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **" अध्यक्ष "** भन्नाले इस्मा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख) **" गाउँपालिका "** भन्नाले इस्मा गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) **" गाउँ कार्यपालिका "** भन्नाले इस्मा गाउँपालिका , गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

घ) **" गाउँ सभा "** भन्नाले इस्मा गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

ङ) **" प्रमुख प्रशासकिय अधिकृत "** भन्नाले इस्मा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

च) **" शाखा "** भन्नाले इस्मा गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्दछ ।

छ) **" वडा "** भन्नाले इस्मा गाउँपालिका अन्तर्गत पर्ने १ देखि ६ वटा वडाहरु सम्झनु पर्दछ ।

ज) **" व्यवसायिक कृषक तथा पशुपालक "** व्यवसायिक रुपमा खेतीपाती गर्ने कृषक तथा पशुपंक्षी पालन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

झ) **" विषयगत कर्मचारी भन्नाले"** यस गाउँ कार्यपालिकाको कार्यालयमा स्थापित विषयगत शाखाका प्रमुख र प्राविधिक सम्झनु पर्दछ ।

भगत सिंह खड्का
अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. **बजेट व्यवस्था :** कार्यक्रम सञ्चालनको लागि गाउँ सभाद्धारा व्यवस्था गरिएको बजेटबाट अनुसूची १ अनुसार खर्च गरिनेछ ।

४. **क्षेत्रहरु:** इस्मा गाउँपालिका भित्र कृषि वा पशुपंक्षी पालन गरिरहेका व्यक्तिहरुको निम्न क्षेत्रहरुमा आवश्यक परेका मागहरु तत्काल सम्बोधन गर्नका लागि अध्यक्षले तोक आदेश गर्न सक्नेछन् ।

१) कृषि औजार वा सामाग्री
२) बीउ बिजन
३) कृषि / पशु औषधिहरु
४) सिंचाई सामाग्री वा पाइपहरू
५) गोठ मर्मत / सामाग्री
६) सिंचाई टंयाकी निर्माण
७) पशु पंक्षीका चल्ला / भुराहरु
८) कृषि/ पशुपालन क्षेत्रमा आवश्यक अन्य कुरामा
९) ढुवानी / बजारीकरणमा सहयोग

५. **खर्च विधि:-** स्थानीय माग र आवश्यकताका आधारमा अध्यक्षले मनासिव देखेमा बजेट सीमा भित्र रही तोक आदेश गर्न सक्नेछन् । तोकमा उल्लेखित कार्य सञ्चालनको लागि प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडी बढाई निज लाभग्राही वा समूहलाई सेवा उपलब्ध गराउनु पर्नेछ ।

## अनुसूची -१

## कार्यक्रम सञ्चालनको सिमा तथा मापदण्ड

६. अध्यक्षले अधिकतम तपसिल सीमा भित्र रही तोक आदेश गर्न सक्नेछन् ।

| क्र.स. | शीर्षक | रकम |
|---|---|---|
| १ | कृषि औजार / सामाग्री | २०,००० ( बिस हजार ) |
| २ | सिंचाई व्यवस्थापन | २०,००० ( बिस हजार ) |
| ३ | बीउ बिजन / चल्ला / भुरा | १५००० ( पन्ध्र हजार ) |
| ४ | औषधिहरु | १०००० ( दश हजार ) |
| ५ | गोठ मर्मत | २०,००० ( बिस हजार ) |
| ६ | ढुवानी / बजारीकरण | १५००० ( पन्ध्र हजार ) |

भगत सिंह थापा मगर(?)
अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

७.व्यवसायिक कृषक / पशुपालकहरुले समूह बनाई कुनै समितिमार्फत सामूहिक प्रयोग वा हितका लागि केही योजना / उपकरण / यन्त्र वा वस्तु माग गरेको खण्डमा अध्यक्षले मनासिब देखेमा सभाद्धारा व्यवस्था गरिएको बजेट सीमा भित्र रही तोक आदेश गर्न सक्नेछ।

**८. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

**९.गाउँपालिकाको निर्णयबमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सोको व्याख्या गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**१०. बाधा अड्काउ फुकाउ:** यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**११. हेरफेर वा संशोधन:** यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट गर्न सक्नेछ।

भगत सिंह खड्का
अध्यक्ष